# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४० ) काठमाडौं, फागुन २० गते २०४७ साल ( अतिरिक्ताङ्क ५८ (क)


## भाग ३

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

### प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०४७

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ८१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्वाचन आयोगको परामर्श लिई देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०४७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "निर्वाचन अधिकृत" भन्नाले मुख्य निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–२

## मतदाता नामावली

३. मतदाता नामावली तयार गर्ने सूचना: (१) मतदाता नामावली तयार गर्न प्रयोजनको लागि आयोगले देहायका कुरा खुलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नेछ:–

(क) मतदाता नामावली तयार गर्ने काम शुरू हुने मिति,

(ख) मतदाता नामावलीमा नाम समावेश गरिने मतदाताको उमेर पुग्ने मिति,

(ग) मतदाताको नाम, थर, उमेर, ठेगाना, पिता वा पतिको नाम र आयोगले आवश्यक सम्झेको अन्य विवरण ।

(२) उपनियम (१) बमोजिमको सूचनामा प्रत्येक निर्वाचन क्षेत्रको लागि मतदाता नामदर्ता अधिकारी समेत तोकिनेछ ।

४. मतदाताको नाम सङ्कलन: (१) मतदाता नामदर्ता अधिकारीले मतदाताको नाम सङ्कलनको लागि आवश्यक संख्यामा कर्मचारीहरू वा योग्य व्यक्तिलाई खटाउनेछ ।

(२) मतदाताको नाम सङ्कलन गर्न आउने कर्मचारी वा व्यक्तिलाई प्रत्येक परिवारको मुख्य वा उमेर पुगेको व्यक्तिले जाने बुझेसम्मको सबै विवरण दिनु पर्नेछ ।

(३) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी घरबास नभएको तर सो स्थानमा मतदाताको नाम सङ्कलन गर्ने मिति सम्ममा कम्तीमा एक वर्ष बसोवास गरेको बासिन्दाको नाम आयोगले अस्थायी मतदाता नामावलीमा समावेश गराउन सक्नेछ ।

(४) यो नियमावली प्रारम्भ हुनु अघि सङ्कलन गरिएको मतदाता नामावली यसै नियमावली बमोजिम सङ्कलन गरिएको मानिनेछ ।

(५) मतदाताको नाम सङ्कलन गर्ने कर्मचारी वा व्यक्तिले मतदाता नामावली तयार गर्ने सिलसिलामा आवश्यक देखेमा मतदाताको नागरिकताको प्रमाणपत्र वा अन्य कुनै कागजात हेर्न सक्नेछ ।

(६) मतदाताको नाम सङ्कलन गर्दा स्थायी बासिन्दा र अस्थायी बासिन्दाको हकमा छुट्टा छुट्टै फाराममा नाम सङ्कलन गरिनेछ ।

६६७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) प्रत्येक गाउँ विकास समिति वा नगरपालिकाको वडामा मतदाताको नाम सङ्कलन भई सकेपछि सम्बन्धित कर्मचारी वा व्यक्तिले त्यस्तो प्रत्येक गाउँ विकास समिति वा नगरपालिकाको वडामा कुनै मतदाताको नाम छुटेको भए नाम समावेश गर्नको लागि पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशित गर्नेछ । कुनै मतदाताको नाम छुटेको भए निजले सो म्यादभित्र आफ्नो नाम समावेश गराउन आउनु पर्नेछ । यसरी नाम समावेश गराउन आएमा निज सो ठाउँको मतदाता रहेछ भने निजको नाम सम्बन्धित फाराममा समावेश गर्नु पर्नेछ ।

५. मतदाता नामावली तयार गर्ने: (१) नियम ४ बमोजिम मतदाता नामदर्ता अधिकारीले खटाएको कर्मचारी वा व्यक्तिले सङ्कलन गरेको मतदाताको नामको आधारमा मतदाता नामदर्ता अधिकारीले स्थायी बासिन्दा र अस्थायी बासिन्दाको छुट्टै छुट्टै फाराममा मतदाता नामावली तयार गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदाता नामावली तयार गर्दा प्रत्येक गाउँ विकास समिति वा नगरपालिकाको प्रत्येक वडाको छुट्टा छुट्टै क्रम संख्यामा मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(३) मतदाता नामदर्ता अधिकारीले मतदाता नामावली तयार गरेपछि त्यस्तो मतदाता नामावलीको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

(४) मतदाता नामदर्ता अधिकारीबाट प्राप्त गरेको मतदाता नामावलीको आधारमा आयोगले अद्यावधिक मतदाता नामावली तयार गर्नेछ ।

६. मतदाता नामावली प्रकाशित गर्ने : (१) आयोगले दिएको कार्यक्रम अनुसार निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा मतदाता नामावली प्रकाशित गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन अधिकृतले मतदाता नामावली प्रकाशित गर्दा मुचुल्का गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मतदाता नामावली प्रकाशित गर्दा सो मतदाता नामावलीमा नाम समावेश गराउनको लागि वा बेहोरा सच्याउनको लागि दरखास्त दिने र त्यस्तो नामावलीमा रहेको कुनै मतदाताको नाम वा बेहोराको सम्बन्धमा विरोध गरी उजूरी दिने मिति, समय र स्थान समेत उल्लेख गरी सूचना प्रकाशित गर्नु पर्नेछ ।

७. मतदाता नामावलीमा दावी वा विरोध गर्ने (१) नियम ६ को उपनियम (३) बमोजिम सूचना प्रकाशित भएपछि उक्त सूचनामा उल्लेखित मिति, समय र


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानमा देहायका व्यक्तिले देहायको विषयमा निर्वाचन अधिकृत समक्ष दर्खास्त वा उजूरी दिन सक्नेछः–

(क) मतदाता नामावलीमा आफ्नो नाम समावेश नभएको व्यक्तिले आफ्नो नाम समावेश गराउने,

(ख) मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले वा निजको हकमा निजको एकाघरको परिवारको सदस्यले आफ्नो वा आफ्नो परिवारको कुनै व्यक्तिको नाम, उमेर, बसोबास वा अन्य कुनै बेहोरा सच्याउने,

(ग) मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको नाम, उमेर, बसोबास वा अन्य कुनै बेहोराको सम्बन्धमा विरोध गरी अन्य कुनै मतदाताले उजूर गर्न ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम दरखास्त दिंदा सम्बन्धित गाउँ वा टोलका दुईजना मतदाताहरूको सिफारिश सहित दरखास्त दिनु पर्नेछ ।

८. मतदाता नामावलीमा दावी वा विरोधको सम्बन्धमा निर्णय गर्ने : (१) नियम ७ बमोजिम आफू समक्ष पर्न आएको दरखास्त वा उजूरीको सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्वाचन अधिकृतले निर्णय गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णय गर्दा मतदाता नामावलीमा नाम समावेश गर्ने गरी वा भैरहेको मतदाताको बेहोरा सच्याउने गरी निर्णय भएकोमा निर्वाचन अधिकृतले त्यसको सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निर्णय गर्दा कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाउने गरी निर्णय भएकोमा मतदाता नामावलीको कैफियत महलमा सो बेहोरा जनाई निजको नाम मतदाता नामावलीबाट हटाउनु पर्नेछ ।

(४) आयोगमा रहेको मतदाता नामावली अद्यावधिक गराउनको लागि उपनियम (२) वा (३) बमोजिम गरेको निर्णयको जानकारी यथाशीघ्र निर्वाचन अधिकृतले आयोगलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले आफूकहाँ रहेको मतदाता नामावलीलाई समेत अद्यावधिक बनाउनु पर्नेछ ।

९. अन्तिम मतदाता नामावली प्रकाशित गर्ने : (१) निर्वाचन अधिकृतले नियम ८ बमोजिम मतदाता नामावली अद्यावधिक गरेपछि अन्तिम मतदाता नामावली आयोगले निर्धारित गरेको मिति र समयमा आफ्नो कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित गर्दा निर्वाचन अधिकृतले मुचुल्का गराउनु पर्नेछ ।

१०. मतदाता नामावली उपलब्ध गराउन सकिने : कुनै उम्मेदवारले अन्तिम मतदाता नामावलीको प्रति खरीद गर्न चाहेमा उपलब्ध भएसम्म आयोगले निर्धारित गरेको मूल्य लिई निर्वाचन अधिकृतले बिक्री गर्न सक्नेछ ।

## परिच्छेद–३

## निर्वाचन कार्यक्रमको सूचना, मनोनयनपत्र र उम्मेदवारको नामावली

११. निर्वाचन कार्यक्रमको सूचना : (१) निर्वाचन अधिकृतले ऐनको दफा २६ को उपदफा (१) बमोजिमको निर्वाचन कार्यक्रमको सूचना सर्वसाधारणको जानकारीको लागि आयोगले निर्धारित गरेको मिति र समयमा आफ्नो कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्दा निर्वाचन अधिकृतले मुचुल्का गराउनु पर्नेछ ।

१२. उम्मेदवारको मनोनयन : (१) निर्वाचनमा उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिलाई सो निर्वाचन क्षेत्रको कुनै मतदाताले आफ्नो निर्वाचन क्षेत्रबाट निर्वाचित हुने सदस्यको निर्वाचनको लागि प्रस्ताव गरी नियम ११ बमोजिम प्रकाशित निर्वाचन कार्यक्रमको सूचनामा उल्लेखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र दर्ता गराउन सक्नेछ ।

(२) कुनै निर्वाचन क्षेत्रको मतदाताले अर्को निर्वाचन क्षेत्रको मतदातालाई आफ्नो निर्वाचन क्षेत्रमा उम्मेदवार मनोनयन गर्न चाहेमा उपनियम (१) बमोजिम त्यस्तो उम्मेदवारको मनोनयनपत्र पेश गर्दा त्यस्तो उम्मेदवार मतदाता भएको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा निजको नाम समावेश भएको बेहोरा सम्बन्धित निर्वाचन अधिकृतबाट प्रमाणित गराई मतदाता नामावलीको उतार समेत मनोनयनपत्रको साथमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश भएको मनोनयनपत्रमा जुन निर्वाचन क्षेत्रमा उम्मेदवार हुने हो सोही निर्वाचन क्षेत्रको अर्को मतदाताले समर्थन गरी सहीछाप गरेको हुनु पर्नेछ ।

६६६



६६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै राजनैतिक सङ्गठन वा दलबाट खडा गरिएको उम्मेदवारको हकमा यस नियमबमोजिम मनोनयनपत्र दाखिल गर्दा सो सङ्गठन वा दलबाट प्रदान गरिएको औपचारिक पत्र समेत दाखिल गर्नु पर्नेछ ।

१३. दस्तखतको नमूना उपलब्ध गराउने : कुनै राजनैतिक सङ्गठन वा दलले खडा गरेको उम्मेदवारको सम्बन्धमा ऐनको दफा ३२ को उपदफा (२) को प्रयोजनको लागि दस्तखत भिडाउन दस्तखतको नमूनाको फोटोकपी आयोगले निर्वाचन अधिकृतलाई उपलब्ध गराउनेछ ।

१४. मनोनयनपत्र दर्ता : (१) नियम १२ को उपनियम (१) बमोजिम उम्मेदवारको मनोनयनपत्र दाखिल भएपछि निर्वाचन अधिकृतले ऐनको दफा ३३ को उपदफा (२) बमोजिम मनोनयनपत्र रीतपूर्वकको छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी सम्बन्धित व्यक्तिलाई त्यसको निस्सा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता भएपछि निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता भएका उम्मेदवारहरूको सूची सर्वसाधारणले देख्ने गरी आफ्नो कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

१५. उम्मेदवारको विरोधमा उजूर गर्ने: नियम १४ को उपनियम (२) बमोजिमको सूची प्रकाशित भएपछि सो सूचीमा समावेश भएको कुनै उम्मेदवारको योग्यता नपुगेको वा मनोनयनपत्रको रीत नपुगेको सम्बन्धमा अन्य कुनै उम्मेदवार वा निजको वारेसले उजूर गर्न चाहेमा निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको म्यादभित्र निर्वाचन अधिकृत समक्ष उजूरी दिनु पर्नेछ ।

१६. मनोनयनपत्रको जाँच : (१) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्रको जाँच गर्नेछ । मनोनयनपत्रको जाँच गर्दा सो स्थानमा ऐनको दफा ३४ को उपदफा (१) बमोजिम उपस्थित हुनुपर्ने व्यक्ति र निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्तिहरू मात्र बस्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम मनोनयनपत्रको जाँच गर्दा नियम १५ बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(३) मनोनयनपत्रको जाँच गर्दा कुनै निर्वाचन क्षेत्रमा एकै व्यक्तिको एक भन्दा बढी मनोनयनपत्र दर्ता भएको रहेछ भने र ती सबै मनोनयनपत्रहरू रीत-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्वकका रहेछन् भनी निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवार वा निजको बारेसको इच्छा अनुसार कुनै एउटा मनोनयनपत्र कायम गर्नेछ ।

१७. उम्मेदवारको नामावली प्रकाशित गर्ने : निर्वाचन अधिकृतले नियम १६ बमोजिम मनोनयनपत्रको जाँच गरिसकेपछि मनोनयनपत्र रीतपूर्वकको ठहरिएका उम्मेदवारहरूको नामावली तयार गरी निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति र समयमा आफ्नो कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गर्नु पर्नेछ ।

१८. उम्मेदवारले नाम फिर्ता लिने : नियम १७ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीमा नाम समावेश भएको उम्मेदवारले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको म्यादभित्र आफ्नो नाम फिर्ता लिन चाहेमा सोको सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

१९. उम्मेदवारले नाम फिर्ता लिएको सूचना : नियम १८ बमोजिम कुनै उम्मेदवारले आफ्नो नाम फिर्ता लिएमा त्यसको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा सर्वसाधारणले देख्ने गरी तुरुन्त प्रकाशित गर्नु पर्नेछ ।

२०. उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने : उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी उम्मेदवारहरूको अन्तिम नामावली तयार गरी त्यसको एक प्रति आफ्नो कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गर्नु पर्नेछ ।

२१. निर्विरोध निर्वाचित भएको घोषणा : (१) ऐनको दफा ३९ बमोजिम कुनै निर्वाचन क्षेत्रबाट कुनै उम्मेदवार निर्विरोध निर्वाचित भएमा निर्वाचन अधिकृतले त्यसको घोषणा गरी सोको सूचना आफ्नो कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरिसकेपछि त्यसरी निर्विरोध निर्वाचित सदस्यको विवरण निर्वाचन अधिकृतले तुरुन्तै आयोगमा पठाउनु पर्नेछ ।

२२. निर्वाचन चिह्न : (१) ऐनको दफा ४० को उपदफा (१) बमोजिम आयोगबाट निर्धारित निर्वाचन चिह्न समूहहरूमध्ये आयोगमा नाम दर्ता भएका राजनैतिक सङ्गठन वा दलले आफ्नो सङ्गठन वा दलको लागि निर्वाचन चिह्न छान्न आयोगले

693
10660



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना प्रकाशित गर्नेछ । सो सूचनामा तोकिएको अवधिभित्र त्यस्तो सङ्गठन वा दलले आफ्नो निर्वाचन चिह्न छान्नु पर्नेछ ।

(२) एकभन्दा बढी राजनैतिक सङ्गठन वा दलले एउटै वा उस्तै प्रकारको निर्वाचन चिह्न माग गरेमा आयोगले गोला हाली निर्धारण गरी सो बमोजिम पाउने ठहरिएको राजनैतिक सङ्गठन वा दललाई सो निर्वाचन चिह्न प्रदान गर्नेछ ।

(३) कुनै राजनैतिक सङ्गठन वा दललाई एक पटक प्रदान गरिएको निर्वाचन चिह्न सो सङ्गठन वा दलको नाम दर्ता कायम रहेसम्म सो चिह्न सोही सङ्गठन वा दलले पछिका निर्वाचनहरूमा पनि पाउन सक्नेछ ।

(४) आयोगमा नाम दर्ता भएका राजनैतिक सङ्गठन वा दल बाहेक अरू कसैले पनि यो नियम बमोजिमको निर्वाचन चिह्न एकभन्दा बढी निर्वाचन क्षेत्रमा प्रयोग गर्ने सुविधा पाउने छैन ।

(५) स्वतन्त्र रूपले खडा भएका उम्मेदवारलाई ऐनको दफा ४० को उपदफा (१) बमोजिम स्वतन्त्र उम्मेदवारको लागि छुट्याइएको निर्वाचन चिह्नहरू मध्येबाट निर्वाचन अधिकृतले छान्न लगाउनेछ । यसरी छान्न लगाउदा कुनै एउटै निर्वाचन चिह्न एकभन्दा बढी उम्मेदवारले माग गरेमा निर्वाचन अधिकृतले गोला हाली निर्धारण गरी सो बमोजिम पाउने ठहरिएको उम्मेदवारलाई सो निर्वाचन चिह्न प्रदान गर्नेछ र त्यसको सूचना आयोगमा पठाउनु पर्नेछ ।

२३. <u>उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम वा मतदान कार्यक्रम स्थगित भएको सूचना गर्ने</u> : कुन उम्मेदवारको मृत्यु भएको कारणले ऐनको दफा ४१ बमोजिम सो निर्वाचन क्षेत्रको निर्वाचन कार्यक्रम वा मतदान कार्यक्रम स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले तुरुन्तै त्यसको सूचना आफ्नो कार्यालयमा सवसाधारणले देख्ने गरी प्रकाशित गर्नु पर्नेछ र सोको मुचुल्का समेत तयार गर्नु पर्नेछ ।

## परिच्छेद–४

## मतदान केन्द्र, मतपत्र र मतपेटिका

२४. <u>मतदान केन्द्र तोक्ने</u> : (१) निर्वाचन अधिकृतले मतदानको लागि ऐनको दफा ४३ बमोजिम आयोगको पूर्वस्वीकृति लिई मतदान केन्द्र तथा उप-केन्द्रहरू तोक्नेछ र त्यस्तो मतदान केन्द्र तथा उप-केन्द्रहरूको सूची आफ्नो कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान केन्द्र तथा उप-केन्द्रहरूको सूची प्रकाशित गर्दा निर्वाचन अधिकृतले मुचुल्का गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मतदान उप-केन्द्रहरू मतदान केन्द्रको साधारणतया दश मिटर भन्दा टाढा राखिने छैन ।

(४) उप-नियम (१) बमोजिम मतदान केन्द्र तथा उप-केन्द्रहरूको सूची प्रकाशित गर्दा प्रत्येक मतदान केन्द्र वा उप-केन्द्रमा कुन कुन गाउँ वा टोलका मतदाताहरूले मतदान गर्न पाउने हो सो कुरा समेत स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ ।

२५. मतदान केन्द्रको क्षेत्र तोक्ने : मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया एकसय मिटरसम्मको क्षेत्रलाई चार किल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नेछ र त्यसको सूचना मतदान केन्द्रमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गर्नेछ । त्यस्तो क्षेत्रभित्र मतदान कार्य नसकिएसम्म कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा कुनै प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।

२६. मतदान केन्द्रमा प्रवेश निषेध गर्न सकिने : (१) मतदान अधिकृतले मतदान केन्द्र वा उप-केन्द्रमा भीड हुन तथा अवाञ्छित रूपमा जमघट हुन वा गडबडी हुन नपाउने गरी मतदाताहरूलाई प्रवेश गर्न लगाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) ऐनको दफा ५४ को उपदफा (१) को खण्ड (ग) बमोजिम मतदान अधिकृतले कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिंदा मतदान कार्यको निमित्त अत्यावश्यक पर्ने व्यक्ति हो होइन भन्ने कुरा यकीन गरेर मात्र अनुमति प्रदान गर्नेछ ।

२७. मतपत्र: (१) मतपत्रमा प्रत्येक उम्मेदवारको निर्वाचन चिह्न छापिएको हुनेछ ।

(२) प्रत्येक मतपत्रमा जिल्ला र निर्वाचन क्षेत्र नम्बर समेत उल्लेख भएको हुनेछ ।

(३) प्रत्येक मतपत्र र त्यसको अधकट्टीमा सिलसिलेवार नम्बर छापिएको हुनेछ ।

(४) प्रत्येक मतदान केन्द्र तथा उप-केन्द्रमा आयोगले निश्चित गरेको नम्बरको मतपत्रहरू मात्र प्रयोग गरिनेछ । पुनः मतदान गराउनु पर्दा निर्वाचन अधिकृतले अर्को नम्बरको मतपत्रहरू निश्चित गरी प्रयोग गराउनेछ ।

२८. मतपेटिका: मतपेटिका बिग्रिएमा वा नासिएमा मतदान अधिकृतले आफ्नो र उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नुपर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतदान केन्द्रमा उपस्थित अन्य दुइजनाको सहीछाप गराउनु पर्नेछ र सोको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ । अर्को मतपेटिका उपलब्ध हुन नसक्ने अवस्था अएमा मतदान अधिकृतले मतपत्रको गोप्यता कायम हुन सक्ने गरी अन्य कुनै उपयुक्त वा विश्वसनीय बाकस वा भाँडो मतपेटिकाको रूपमा प्रयोग गर्न सक्नेछ ।

२९. मतपत्रको सीलबन्दी खोल्नेः मतदान अधिकृतले मतदान शुरू हुनु अघि आफ्नो र उपस्थित उम्मेदवार वा निजका प्रतिनिधिहरूको सहीछाप गरी गराई मतपत्रको सीलबन्दी खोलेको मुचुल्का गर्नुपर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुइजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

३०. मतपेटिका जाँच गर्ने र बन्द गर्ने कार्यविधिः(१) मतदान अधिकृतले मतदान कार्य शुरू हुनु अघि उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिहरूको रोहवरमा मतपेटिका खोलेर देखाई सो मतपेटिका दुरूस्त तथा रित्तो भए नभएको जाँच गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपेटिका जाँच गरिसकेपछि निजहरूकै रोहवरमा सो मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बाँकी राखी मतपेटिकाको बिर्को बन्द गरी लाहाछाप लगाई आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको सहीछाप गरी गराई मतपेटिका सीलबन्दी गरी मुचुल्का तयार गर्नुपर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुइजनाको सहीछाप गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मतपेटिका बन्द गरेपछि मतदान कार्य शुरू गर्दा आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको सहीछाप गरी गराई मुचुल्का तयार गर्नुपर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुइजनाको सहीछाप गराउनु पर्नेछ ।

३१. मतपत्र दिने कार्यविधिः (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले सो मतदाताको नाम, थर, उमेर, ठेगाना, आदि सोधी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ छैन र दर्ता भएको बेहोरासँग मिल्छ मिल्दैन सो सबै जाँच गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको बेहोरामा लेखाई वा छपाईको सानोतिनो भूल चूक देखिएमा र सो भूलचक भए तापनि मतदाता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामावलीमा लेखिएको व्यक्ति निजै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतदान गर्न अनुमति दिनेछ ।

(३) कुनै व्यक्तिले ऐनको दफा ५३ को उपदफा (१) बमोजिम नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएको भन्ने शंका लागेमा उम्मेदवार वा निजको प्रतिनिधिले रू. १०।– धरौट राखी मतदान अधिकृत समक्ष विरोध गर्न सक्नेछ । त्यस्तो विरोधको सम्बन्धमा भएको निर्णय मतदान अधिकृतले निर्णय किताबमा जनाई राख्नु पर्नेछ ।

(४) मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृतले वा निजले खटाएको कर्मचारीले मतदाताको बायाँ हातको बुढी औंलाको नङ र मासुको जोर्नीमा जाँच गरी मसिले चिह्न लगाउनु पर्नेछ । बायाँ हातको बुढी औंला नभए चोर औंलामा र सो पनि नभएमा सोही बमोजिम दायाँ हातको औंलामा चिह्न लगाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम चिह्न लगाई सकेपछि मतपत्रको अधकट्टीमा मतदाताको सहीछाप गराई मतदाता नामावलीमा रेजा चिह्न लगाई मतदातालाई मतपत्र दिनु पर्नेछ ।

तर मतदाता नामावलीमा रेजा चिह्न लगाउन बाहेक अन्य कुनै चिह्न, संकेत वा बेहोरा लेख्न लेखाउन हुँदैन ।

## परिच्छेद–५
## मतदान

३२. मतदान गर्ने तरीका: (१) मतदाताले मतपत्र लिएपछि मतसंकेत गर्ने गोप्य स्थानमा गई आफूले रोजेको उम्मेदवारको चिह्न भएको मतपत्रको कोठामा मतसंकेत गर्ने छाप लगाउनु पर्छ र सो मतपत्रलाई पट्याई मतपेटिकाभित्र खसाल्नु पर्छ ।

(२) मतसंकेतको लागि छाप लगाउने गोप्य स्थानमा एक पटकमा एक जना मतदातालाई मात्र प्रवेश गर्न दिइनेछ ।

(३) कुनै मतदाता मतसंकेत गर्ने गोप्य स्थानमा मतपत्रमा मतसंकेत गर्ने, छाप लगाउने र मतपत्र पट्याउन लाग्ने समयभन्दा बढी समय सम्म बसेको छ भन्ने मतदान अधिकृतलाई लागेमा निजले सो गोप्य स्थानको निरीक्षण गर्न र त्यहाँ रहेको मतदातालाई बाहिर पठाउन सक्नेछ ।

(४) कुनै मतदाताले मतपत्र बुझी लिएपछि मतदान नगर्ने निश्चय गरेमा सो मतपत्र मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

6693



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. संकटकालीन अवस्थामा मतदान स्थगित गर्ने: (१) ऐनको दफा ४६ को उपदफा (१) बमोजिम मतदान स्थगित गर्नुपर्ने अवस्था परेमा मतदान अधिकृत वा निर्वाचन अधिकृतले त्यसरी मतदान स्थगित गर्नुपर्ने कारण समेत खुलाई आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको बारेसको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुइजनाको सहीछाप गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान स्थगित गर्ने मुचुल्का गरिसकेपछि मतदान स्थगित गर्नु परेको कारण समेत स्पष्ट उल्लेख गरी मतदान अधिकृत वा निर्वाचन अधिकृतले मतदान स्थगित गरेको सूचना प्रकाशित गर्नुपर्नेछ ।

३४. मतपेटिकाको मतपत्र खसाल्ने प्वाल सीलबन्द गर्ने: मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतपेटिकाको मतपत्र खसाल्ने प्वाल आयोगद्वारा निर्धारित तरीका बमोजिम बन्द गरी सीलबन्दी गरी आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुइजनाको सहीछाप गराउनु पर्नेछ ।

३५. मतपत्रको फाँटवारी राख्ने: मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले आयोगद्वारा निर्धारित ढाँचामा मतपत्रको फाँटवारी तयार गरी राख्नु पर्नेछ ।

३६. बाँकी मतपत्र र कागजात सुरक्षित राख्ने: मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतदानको काममा प्रयोग गरी बाँकी रहेका देहायका मतपत्रहरू र अन्य कागजातहरू छुट्टा छुट्टै खाममा बन्द गरी खामको बाहिर कस्तो र कति मतपत्र वा कागजात रहेको छ सो उल्लेख गरी आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिले चाहेमा निजहरूको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुइजनाको सहीछाप गराउनु पर्नेछ ।

(क) प्रयोग नभएका मतपत्रहरू,
(ख) रद्द गरिएका मतपत्रहरू,
(ग) मतपेटिका बाहिर रहेका मतपत्रहरू,
(घ) मत नदिने निश्चय गरी मतदाताले मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्रहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) नियम ३१ को उपनियम (३) बमोजिमको निर्णय किताब,

(च) नियम ३१ को उपनियम (५) बमोजिमको मतदाता नामावली,

(छ) आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार खाम बन्द गरी लाहाछाप लगाई राख्नु पर्ने अन्य कुनै कागजात ।

३७. मतपेटिका र कागजात निर्वाचन अधिकृतलाई बुझाउने: (१) मतदान अधिकृतले नियम ३४ बमोजिम बन्द गरेको मतपेटिका र नियम ३६ बमोजिमको मतपत्र तथा कागजात राखेको बन्दी खामहरू र अन्य निर्वाचन सामग्री तथा कागजातहरू सुरक्षित रूपमा ल्याई निर्वाचन अधिकृतलाई तुरुन्त बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपेटिका र कागजात बुझेपछि निर्वाचन अधिकृतले मतदान अधिकृतलाई सोको भर्पाई दिनु पर्नेछ ।

## परिच्छेद–६
## मतगणना र निर्वाचन परिणाम

३८. मतगणना गर्ने स्थान: (१) निर्वाचन अधिकृतले मतगणना गर्ने कार्य यथा सम्भव एउटै कोठा वा ठाउँमा गर्नुपर्नेछ । एउटै कोठा वा ठाउँ मतगणनाको लागि पर्याप्त नभए अन्य कोठा वा ठाउँमा पनि मतगणना गर्न सकिनेछ ।

तर छुट्टा छुट्टै घर वा ठाउँमा मतगणना गर्न हुँदैन ।

(२) उपनियम (१) बमोजिम मतगणना गर्ने स्थानमा पर्याप्त प्रकाश वा बत्तीको व्यवस्था भएको हुनु पर्नेछ र मतगणनाको काममा संलग्न रहने व्यक्तिहरू रहन बस्नको लागि आवश्यक व्यवस्था हुनु पर्नेछ ।

३९. मतगणना शुरू गर्ने: निर्वाचन अधिकृतले मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिहरू समेत रोहवरमा राखी आफ्नो र निजहरूको सहीछाप गरी गराई मुचुल्का तयार गरी मतगणनाको काम शुरू गर्नु पर्छ । मतपेटिका खोल्दा उम्मेदवार वा निजको प्रतिनिधि कोही पनि उपस्थित नभएमा मुचुल्कामा सोही बेहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुइजना व्यक्तिको सहीछाप गराई मतगणनाको काम शुरू गर्नुपर्नेछ ।

४०. मतपेटिका जाँच गर्ने: (१) निर्वाचन अधिकृतले मतगणनाको काम शुरू गर्नु अघि मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा प्रत्येक मतदान केन्द्रको मतपेटिका ठीक दुरूस्त छ छैन, मतदान केन्द्रको नाउँ र मतपेटिकाको संख्या मतपेटिकामा उल्लेख गरिएको छ छैन, र मतपेटिका बन्द गरेको ठाउँमा



662 663

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगाएको सीलबन्दी दुरूस्त छ छैन सो सबै कुराको जाँच गरी आफ्नो र मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुइजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

४१. मतगणनाको काम बीचैमा रोक्नु परेमा: (१) ऐनको दफा ६१ को उपदफा (२) बमोजिम कुनै कारणवश मतगणनाको काम बीचैमा रोक्नु परेमा त्यसरी रोक्नु परेको कारण उल्लेख गरी आफ्नो र मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुइजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले पुनः मतगणनाको काम शुरू गर्दा पनि नियम ३९ बमोजिम मुचुल्का तयार गर्नुपर्नेछ ।

४२. मतगणनाको समयमा मतपत्र नोक्सान भएमा: ऐनको दफा ६२ वा ६३ बमोजिमको कुनै अवस्था पर्न आएमा सोही बेहोरा उल्लेख गरी निर्वाचन अधिकृतले आफ्नो र मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुइजना व्यक्तिको सहीछाप गराउनुपर्नेछ ।

४३. पुनः मतगणना गर्ने: ऐनको दफा ६५ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्नु परेमा सोको कारण उल्लेख गरी आफ्नो र दोहोऱ्याई मतगणना गर्न पाउँ भनी निवेदन दिने उम्मेदवार वा निजको प्रतिनिधि र मतगणना स्थलमा उपस्थित अन्य उम्मेदवार वा निजको प्रतिनिधिहरूको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुइजनाको सहीछाप गराई पुनः मतगणना गर्ने काम शुरू गर्नु पर्छ ।

४४. मत बराबर भएमा गोला हाली निर्णय गर्ने: ऐनको दफा ६६ बमोजिम गोला हाली निर्णय गर्नु पर्दा निर्वाचन अधिकृतले आफ्नो र बराबर मत प्राप्त गर्ने उम्मेदवारहरू वा निजहरूको प्रतिनिधिहरू र मतगणना स्थलमा उपस्थित अन्य उम्मेदवार वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजको प्रतिनिधिको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्नेछ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतगणना स्थलमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

४५. मतगणना समाप्त भएको मुचुल्का: मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचनमा खसेको जम्मा मतसंख्या, बदर मतसंख्या, प्रत्येक उम्मेदवारले पाएको सदर मतसंख्या उल्लेख गरी आफ्नो र मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिहरूको समेत सहीछाप गरी गराई मतगणना समाप्त भएको मुचुल्का तयार गर्नु पर्छ र निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही बेहोरा जनाई मतगणना स्थलमा उपस्थित अन्य दुईजनाको सहीछाप गराउनु पर्नेछ ।

४६. मतगणना तालिका तयार गर्ने: मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना तालिका तयार गर्नु पर्नेछ ।

४७. निर्वाचन परिणाम प्रकाशित गर्ने: निर्वाचन अधिकृतले नियम ४६ बमोजिम मत-गणना तालिका तयार गरिसकेपछि सो तालिकाको आधारमा निर्वाचन परिणामको सूचना आफ्नो कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गर्नु पर्नेछ ।

४८. परिचयपत्र दिने : नियम ४७ बमोजिम निर्वाचन परिणाम प्रकाशित भएपछि निर्वाचन अधिकृतले निर्वाचित सदस्यलाई आयोगबाट निर्धारित ढाँचामा परिचय पत्र प्रदान गर्नेछ ।

४९. निर्वाचनको पूर्ण विवरण आयोगमा पठाउने: निर्वाचनको परिणाम प्रकाशित गरेपछि निर्वाचन अधिकृतले निर्वाचनको पूर्ण विवरण तयार गरी आयोगमा पठाउनु पर्नेछ ।

## परिच्छेद–७
## विविध

५०. निर्वाचन प्रतिनिधिको नियुक्ति: (१) उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि उम्मेदवारले आफ्नो निर्वाचन सम्बन्धी काम गर्नको लागि मतदाता हुन योग्यता पुगेको लेखपढ गर्न जान्ने व्यक्तिलाई निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) निर्वाचन प्रतिनिधिले ऐन तथा यस नियमावली बमोजिम उम्मेदवारको तर्फबाट गर्नु पर्ने निर्वाचन सम्बन्धी सबै काम गर्न सक्नेछ । निर्वाचन प्रतिनिधिले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उम्मेदवारको तर्फबाट मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि नियुक्त समेत गर्न सक्नेछ । निर्वाचन प्रतिनिधिले गरेको कामको सम्बन्धमा उम्मेदवार जिम्मेवार हुनेछ र सो सम्बन्धमा निजले कुनै विरोध गर्न पाउने छैन ।

(३) निर्वाचन प्रतिनिधिको कार्यावधि निजलाई उम्मेदवारले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनसम्म कायम रहनेछ । उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधिलाई खारेज गरेमा सोको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ । यसरी खारेज गरेको सूचना प्राप्त नभए सम्म त्यस्तो निर्वाचन प्रतिनिधिले गरेको काम कारवाई सदर मानिनेछ ।

५१. मतदान प्रतिनिधिको नियुक्तिः (१) मतदान केन्द्रमा हुने मतदान सम्बन्धमा मतदान प्रतिनिधिले गर्ने भनी यस नियमावलीमा लेखिएका काम गर्नको लागि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदाता हुन योग्यता पुगेको लेखपढ गर्न जान्ने व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ । त्यसको लिखित सूचना मतदान अधिकृतलाई दिनु पर्नेछ ।

(२) मतदान प्रतिनिधिको कार्यावधि निजलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक मतगणनाको काम शुरु नभएसम्म कायम रहनेछ ।

५२. मतगणना प्रतिनिधिको नियुक्तिः (१) मतगणना स्थलमा मतगणना सम्बन्धमा यस नियमावलीमा लेखिएको कामको लागि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन अधिकृतबाट तोकिएको संख्यामा मतदाता हुन योग्यता पुगेका लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ । त्यसको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन अधिकृतले मतगणना प्रतिनिधिको संख्या तोक्दा मतगणनाको काम जति टोलिद्वारा गराउने हो प्रत्येक उम्मेदवारको त्यति नै संख्यामा मतगणना प्रतिनिधि रहन सक्ने गरी तोकिदिनु पर्नेछ ।

(३) मतगणना प्रतिनिधिको कार्यावधि निजलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा नभए सम्म कायम रहनेछ ।



६६६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३. निर्वाचन खर्चको विवरणः (१) कुनै निर्वाचनमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा उम्मेदवारको तर्फबाट निर्वाचन सम्बन्धी काममा भएको सम्पूर्ण खर्चको विवरण आयोगद्वारा निर्धारण गरिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्वाचन खर्चको विवरण निर्वाचनको परिणामको घोषणा भएको मितिले तीस दिनभित्र सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपनियम (२) बमोजिम प्राप्त भएको निर्वाचन खर्चको विवरण आयोगमा पठाउनु पर्नेछ ।

आज्ञाले,
रामचन्द्र पौडेल
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

669

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।